अदालतले भर्ने ..........
दर्ता नं. ....................
दर्ता मिति ..........

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको

## अभियोग पत्र

## २०८१/०८२ सालको निर्णय नम्बर:

**परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को** जाहेरीले नेपाल सरकार**........................................ वादी**

**विरुद्धः**

नर प्रसाद पाठकको नाति, कृष्ण प्रसाद पाठकको छोरा, कोशी प्रदेश, झापा जिल्ला, साविक गरामनी गा.बि.स वडा नम्बर ९ को हाल परिवर्तित ऐ जिल्ला बिर्तामोड नगरपालिका वडा नम्बर १० स्थायी वतन भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नम्बर ४ धुम्बाराही बस्ने बर्ष ५४ को **दिल भुषण पाठक........................................................................................................१** **प्रतिवादी**

**मुद्दाः विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन अन्तर्गतको कसूर।**

**मुद्दाको संक्षिप्त तथ्यः**

१. **परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को निवेदन**:

सामाजिक सञ्जाल YouTube Channel मा YouTube Channel प्रयोगकर्ता TOUGH talk With Dil Bhusan Pathak (TT) (https://www.youtube.com/@toughtalk1) मार्फत मेरो तस्बिरको साथमा हिल्टनमा जयवीर देउवाको पैसा भन्ने शिर्षक राखि उक्त YouTube Channel का प्रस्तोता दिल भुषण पाठकले " काठमाण्डौ स्थितमा रहेको पाँचतारे हिल्टन होटलमा शाहिल अग्रवाल र दिपक भट्टको लगानी रहेको छ, निज दिपक भट्ट मार्फत जयवीर देउवा हिल्टन होटलमा जोडिएका छन, निज जयवीर देउवाको दुबई, अस्ट्रेलियामा रियल स्टेट बिजनेस रहेको छ, उक्त बिजनेस क्यानाडा सम्म फैलिएको बताईन्छ" भन्ने लगायतको शब्दहरू प्रयोग गरी बनाईएको भिडियो link:https://www.youtube.com/watch?v=-

CntsnTrtG8 मा पोष्ट/अपलोड गरी सार्वजनिक रुपमा प्रकाशित गरी मेरो विरुद्धमा घृणा, द्वेष फैलाउने कार्य गरी मेरो चरित्र हत्या गर्ने लगायतको कार्य गरेको हुँदा उल्लेखित एकाउन्टको प्रयोगकर्ता समेतलाई पत्ता लगाई कानून बमोजिम कारबाही गरी पाऊँ भन्ने व्यहोराको परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को निवेदन।

२. **प्रहरी प्रतिवेदन:**

पीडितले दिनु भएको निवेदन, सो साथ संलग्न भिडियो तथा स्क्रिनसट कागजातहरू समेतको अनुसन्धान गर्दै जाने क्रममा YouTube Channel; TOUGH talk with Dil Bhusan Pathak (TT) को सञ्चालक/प्रस्तोता नर प्रसाद पाठकको नाति कृष्ण प्रसाद पाठकको छोरा झापा जिल्ला, साविक गरामनी गा.बि.स वडा नम्बर ९ को हाल परिवर्तित ऐ जिल्ला बिर्तामोड नगरपालिका वडा नम्बर १० स्थायी वतन भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नम्बर ४ धुम्बाराही बस्ने बर्ष ५४ को दिल भुषण पाठक, सम्पर्क नं. ९८५१०१०७१० (ना.प्र.प.नं. ३५७४९०२, झापा) रहेको अनुसन्धानबाट खुल्न आएको हुँदा, निज दिल भुषण पाठकले YouTube Channel; TOUGH talk with Dil Bhusan Pathak (TT) मार्फत भिडियो प्रसारण गरी पीडितको सार्वजनिक नैतिकता, शिष्टाचारमा असर पार्ने गरी अफवाह फैलाई चरित्र हत्या गर्ने लगायतको कार्य गरेको हुँदा निजलाई कानून बमोजिम कारबाही गरी पाँऊ भन्ने समेत व्यहोराको प्रा.प्र.नि. ई. राजेश सिंहको प्रहरी प्रतिवेदन।

३. **परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को जाहेरी दरखास्त:**

सामाजिक सञ्जाल YouTube मा  YouTube Channel: TOUGH talk With Dil Bhusan Pathak (TT) (https://www.youtube.com/@toughtalk1) मार्फत मेरो तस्बिरको साथमा हिल्टनमा जयवीर देउवाको पैसा भन्ने शिर्षक राखि उक्त  YouTube Channel का प्रस्तोता दिल भुषण पाठकले "काठमाण्डौ स्थितमा रहेको पाँचतारे हिल्टन होटलमा शाहिल अग्रवाल र दिपक भट्टको लगानी रहेको छ, निज दिपक भट्ट मार्फत जयवीर देउवा हिल्टन होटलमा जोडिएका छन, निज जयवीर देउवाको दुबई,अस्ट्रेलिया, रियल स्टेट बिजनेस रहेको छ, उक्त बिजनेस क्यानाडा सम्म फैलिएको बताईन्छ" भन्ने लगायतको शब्दहरू प्रयोग गरी बनाईएको भिडियो link:https://www.youtube.com/watch?v=-CntsnTrtG8 मा पोष्ट/अपलोड गरी सार्वजनिक रुपमा प्रकाशित गरी मेरो विरुद्धमा घृणा,द्वेष फैलाउने कार्य गरी मेरो चरित्र हत्या गर्ने लगायतको कार्य गरेको हुँदा उल्लेखित एकाउन्टको प्रयोगकर्ता समेतलाई पत्ता लगाई कानून बमोजिम कारबाही गरी पाऊँ भनि यस व्यूरोमा निवेदन पेश गरेकोमा, मेरो निवेदनको अनुसन्धान गर्ने क्रममा उक्त कार्य गर्नेमा दिल भुषण पाठकको संलग्नता रहेको जानकारी पाई निजको विरूद्मा किटानी जाहेरी दरखास्त दिन आएको छु, निज विपक्षीले माथि उल्लेखित YouTube Channel मार्फत मेरो बिषयमा भ्रम फैलाउने किसिमको भिडियो बनाई पोष्ट गरी मेरो विरुद्धमा घृणा, द्वेष फैलाई चरित्र हत्या लगायतको कार्य गरेको हुनाले निजलाई  विद्युतीय कारोवार ऐन, २०६३ बमोजिम हदैसम्मको सजाँय गरी पाऊँ भनि यो किटानी जाहेरी दरखास्त लेखि पेश गरेको छु। निज कसुरदारलाई कानूनी दायरामा ल्याई मनासिव क्षतिपुर्ति समेत दिलाई भराई पाउँ। साथै, सोहि भिडियो सामाजिक संजाल (FacebookID:https://www.facebook.com/ToughTalk),(TikTokId:https://www.tiktok.com/@toughtalkwithdilbhusan) र (Instagram ID: https://www.instagram.com/dil_bhusan_pathak/) मा पोष्ट/अपलोड

गरेको हुँदा उल्लेखित एकाउन्टहरुका प्रयोगकर्तालाई समेत अनुसन्धान गरी कारबाही गरी पाँऊ भन्ने व्यहोराको परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को जाहेरी दरखास्त।

४. **बुझिएका अम्मर बहादुर रावलले गरिदिएको घटना विवरण कागज:**

प्रतिवादी दिल भुषण पाठकले YouTube को  YouTube Channel; TOUGH talk With Dil Bhusan Pathak (TT) (https://www.youtube.com/@toughtalk1) समेतमा पीडित जाहेरवालाको तस्बिरको साथमा, हिल्टनमा जयवीर देउवाको पैसा भन्ने शिर्षक राखि video link: https://www.youtube.com/watch?v=-CntsnTrtG8 मा "काठमाण्डौ स्थितमा रहेको पाँचतारे हिल्टन होटलमा शाहिल अग्रवाल र दिपक भट्टको लगानी रहेको छ, निज दिपक भट्ट मार्फत जयवीर देउवा हिल्टन होटलमा जोडिएका छन,  निज जयवीर देउवाको दुबई, अस्ट्रेलियामा रियल स्टेट बिजनेस रहेको छ, उक्त बिजनेस क्यानाडा सम्म फैलिएको बताईन्छ" भन्ने लगायतको शब्दहरूमा बोलेको भिडियोलाई प्रसारण गरी सार्वजनिक नैतिकता, शिष्टाचारमा असर पार्ने गरी घृणा, द्वैष फैलाई चरित्र हत्या गर्ने लगायतको कार्य गरेको भनि पीडित जाहेरवालाले साइबर ब्यूरोमा उजुरी दिएको र सो सम्बन्धमा प्रहरीले अनुसन्धान गर्दै जाने क्रममा प्रतिवादी दिल भुषण पाठकले उक्त कसूरजन्य कार्य गरेको भन्ने खुल्नमा आए पश्चात पीडित जाहेरवालाले निज प्रतिवादी दिल भुषण पाठकको विरुद्धमा जाहेरी दरखास्त दिएको भनी पीडित जाहेरवालाले बताउनुका साथै मैले सामाजिक सञ्जाल Youtube Channel हरू हेर्दै जाने क्रममा उक्त कुरा प्रसारण गरेको देखेको हुँ। यसरी प्रतिवादी दिल भूषण पाठकले सामाजिक सञ्जाल युट्युव लगायत मार्फत पीडित जाहेरवालाको सार्वजनिक नैतिकता, शिष्टाचारमा असर पार्ने गरी घृणा, द्वैष फैलाई, चरित्र हत्या समेत गरी विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूर गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐन बमोजिम हदैसम्मको सजाय हुनुपर्दछ, व्यहोरा झुट्टा वा फरक छैन फरक परे कानून बमोजिम सहन भोग्न मन्जुर छुँ भन्ने समेत व्यहोराको अम्मर बहादुर रावलको घटना विवरण कागज।

## अभियुक्त उपरको अभियोगः

यसमा प्रहरी प्रधान कार्यालय साईबर ब्यूरो, भोटाहिटी, काठमाडौंबाट अनुसन्धान भई निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको सक्कल मिसिल संलग्न परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को निवेदन, सोसाथ संलग्न स्क्रिनसट कागजात र DVD थान-१, प्रेस काउन्सिल नेपालको पत्र, सेवा प्रदायक नेपाल टेलिकमको कागजातहरू, प्रहरी प्रतिवेदन, जाहेरी दरखास्त, तालुक नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, कानून शाखाको पत्र, मौकामा बुझिएका अम्मर बहादुर रावलले गरेको घटना बिवरण कागज समेतका आधार प्रमाणहरुबाट प्रतिवादी दिल भुषण पाठकले जाहेरवाला पीडित परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को विरुद्धमा घृणा, द्वेष फैलाई चरित्रहत्या गर्ने लगायतको कार्य गरी निज प्रतिवादी दिल भुषण पाठकले विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ अन्तर्गतको कसूर गरेको वारदात पुष्टि हुन आयो।  अब प्रतिवादीले के कुन कसुर गरेका हुन र निज प्रतिवादी उपर के कस्तो सजायको मागदावी लिई अभियोजन गर्ने भनी बिचार गर्दा, पीडित परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को निवेदन प्राप्त भई सो निवेदन पत्रमा उल्लेखित YouTube Channel: TOUGH talk With Dil Bhusan Pathak (TT) (https://www.youtube.com/@toughtalk1) सूचिकृत भए/नभएको तथा सूचिकृत भएको भए को कसको नाममा सूचिकृत भएको छ ? सो सम्बन्धिको विवरण उपलब्ध गराई दिन हुन भनि यस कार्यालयको

च.नं. १२६९६ मिति, २०८२/०२/१४ गतेको पत्रद्धारा प्रेस काउन्सिल नेपाल, सुचना प्रविधि/अभिलेख आचार संहिता अनुगमन शाखा तिलगङ्गा काठमाण्डौलाई पत्रचार गरिएकोमा यस सम्बन्धमा YouTube Channel: TOUGH talk With Dil Bhusan Pathak (TT) (https://www.youtube.com/@toughtalk1) नामक YouTube Channel काउन्सिलको अभिलेख अनुसार हाल सम्म सूचिकृत कुनै पनि अनलाईन सञ्चारमाध्यम अन्तर्गत रहेर सञ्चालनमा रहेको नदेखिएको भन्ने प्रेस काउन्सिल नेपालको च.नं.८०८/०८१/०८२, मिति २०८२/०२/१९ गतेको पत्र प्राप्त भई YouTube Channel: TOUGH talk With Dil Bhusan Pathak (TT) को प्रस्तोता/सञ्चालक दिल भुषण पाठकको बिरूद्धमा, YouTube Channel: TOUGH talk With Dil Bhusan Pathak (TT) मार्फत मेरो बिषयमा भ्रम फैलाउने किसिमको भिडियो बनाई पोष्ट गरी मेरो विरुद्धमा घृणा द्वेष फैलाई ,चरित्र हत्या लगायतको कार्य गरेको हुनाले विद्युतीय कारोवार ऐन, २०६३ बमोजिम हदैसम्मको सजाँय गरी पाऊँ भनि पीडित परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को जाहेरी दरखास्त समेत पर्न आई निज दिल भुषण पाठकको विरूद्मा मुद्दा दर्ता गरी अनुसन्धान भएको अबस्था छ, भने प्रस्तुत मुद्दाको घटना वारदातको शिलसिलामा बुझिएका मानिस अम्मर बहादुर रावलले खुलाई लेखाई दिएको घटना विवरण कागजमा, प्रतिवादी दिल भूषण पाठकले सामाजिक सञ्जाल युट्युव लगायत मार्फत पीडित जाहेरवाला सार्वजनिक व्यक्ति नभएको अबस्थामा पीडितको अपमान र बेईज्जत गरी घृणा, द्वैष फैलाई, चरित्र हत्या गर्ने लगायतको कार्य गरी विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूर गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐन बमोजिम हदैसम्मको सजाय हुनुपर्दछ भनि खुलाई लेखाई दिएको कागज समेतबाट प्रतिवादीको कसुर पुष्टि हुन आयो।

अतः उल्लेखित मिसिलमा संलग्न कागजातहरूको आधार प्रमाणहरूबाट प्रतिवादी दिल भुषण पाठकले आफूले प्रयोग गर्दै आईरहेको YouTube Channel: TOUGH talk With Dil Bhusan Pathak (TT) (https://www.youtube.com/@toughtalk1) मार्फत पीडित परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२) को तस्बिरको साथमा "हिल्टनमा जयवीर देउवाको पैसा" भन्ने शिर्षक राखि उक्त YouTube Channel बाट "काठमाण्डौ स्थितमा रहेको पाँचतारे हिल्टन होटलमा शाहिल अग्रवाल र दिपक भट्टको लगानी रहेको छ, निज दिपक भट्ट मार्फत जयवीर देउवा हिल्टन होटलमा जोडिएका छन, निज जयवीर देउवाको दुबई, अस्ट्रेलिया रियल स्टेट बिजनेस रहेको छ, उक्त बिजनेस क्यानाडा सम्म फैलिएको बताईन्छ" भन्ने लगायतको शब्दहरूमा निजैले बोली बनाईएको Video link: https://www.youtube.com/watch?v=-CntsnTrtG8 मा अपलोड गरी सो भिडियो सार्वजनिक रुपमा प्रसारण गरी पीडित जाहेरवाला परिवर्तित नाम साईबर ५९ (२०८१/०८२) को अपमान र बेईज्जत गरी घृणा द्वेष फैलाई चरित्रहत्या गर्ने लगायतको कार्य गरी निज प्रतिवादी दिल भुषण पाठकले बिद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

## अभियुक्तलाई हुनुपर्ने सजायः

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी दिल भुषण पाठकलाई बिद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा ४७ को उपदफा (१) बमोजिम सजाय हुन समेतको अभियोग मागदावी लिई सक्कल मिसिल र यसै अभियोगपत्र साथ पेश गरिएको छ।

फरार **प्रतिवादी दिल भुषण पाठकको** हकमा तहाँ अदालतबाट कानुन बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम पक्राउ पूर्जी जारी गरी पाउँ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधार:×**

**क्षतिपुर्तिको माग दावी:**

बिद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ७६ बमोजिम प्रतिवादीबाट पीडितपक्षलाई मनासिव क्षतिपुर्ति भराईदिने मागदाबी लिईएको छ।

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउँ।

## अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्था:

**विद्युतीय (इलोक्ट्रोनिक)कारोवार ऐन, २०६३ को दफा ४७. विद्युतीय स्वरुपमा गैरकानूनी कुरा प्रकाशन गर्ने:**

**(१)** "कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय।

**ऐ.ऐनको दफा ५६. जफत गर्ने:** यस ऐ नबमोजिम कम्प्युटर सम्बन्धी कसूर ठहर्ने कुनै कसूर गर्न प्रयोग गरिएको कुनै पनि कम्प्युटर, कम्प्युटर प्रणाली, फ्लपी, कम्प्याक्ट डिस्क, टेप ड्राइभ, सफ्टवेयर वा अन्य सहायक उपकरणहरू जफत गरिने छ।

**ऐ ऐनको दफा ७६ क्षतिपूर्ति भराउनुपर्ने:** यस ऐन बमोजिम कसुर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति समेतकसूरदारबाट भराई दिनुपर्नेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरु:**

**सबुद प्रमाण:**

**दसी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज वस्तु:**

पीडितले निवेदन साथ पेश गरिएको **DVD** थान-१, स्क्रिनसट कागजातहरू समेत मिसिलसाथ संलग्न रहेको छ

**गवाह** **: जाहेरवाला:** परिवर्तित नाम साईबर ब्यूरो ५९ (२०८१/०८२)।

**देख्ने/सुन्ने** **: बुझिएका मानिसहरु** : अम्मर बहादुर रावल।

**प्रस्तुत कागजपत्रहरु:**

१ मिति २०८२ जेठ १३ गतेको निवेदन पत्र लगायतको कागजातहरू पाना-५ र DVD थान-१।

२ ऐ.१४ गतेको प्रेस काउन्सिल नेपाललाई लेखिएको पत्र समेतको पाना-२ ।
३ ऐ.१९ गतेको विवरण उपलब्ध गराई दिन लेखिएको पत्र पाना-१ ।
४ ऐ.२१ गतेको विवरण उपलब्ध गराउनको लागि अनुमति माग गरेको पत्र समेतको पाना-५ ।
५ ऐ.२७ गतेको प्राविधिक प्रहरी प्रतिवेदन समेतको पाना-२ ।
६ ऐ.गतेको जाहेरी दरखास्त पाना-२ ।
७ ऐ.गतेको पीडितको वास्तविक नाम गोप्य राखेको मुचुल्का पाना-३ ।
८ ऐ.गतेको अनुसन्धान अधिकारी तोकिएको पत्र समेतको पाना-२ ।
९ ऐ.गतेको जाहेरी दरखास्तको भरपाई पत्र पाना-१ ।
१० खाम थान-१ (पीडितको निवेदन समेतको पाना-२, ना.प्र.प.को प्रतिलिपी पाना-२,जाहेरी दरखास्त पाना-२, परिवर्तित मुचुल्का पाना-३)
११ ऐ. गतेको प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाईएको पत्र ।
१२ ऐ.गतेको पक्राउको लागि अनुमति माग गरिएको पत्र पाना-२ ।
१३ ऐ.गतेको मानिस पक्राउ गरी दाखिला गराई दिन लेखिएको पत्र समेतको पाना-३ ।
१४ ऐ.२८ गतेको आवश्यक समन्वय गरी दिन लेखिएको पत्र पाना-१ ।
१५ ऐ.गतेको मानिस पक्राउ गरी दाखिला गराई दिन लेखिएको पत्र पाना-१ ।
१६ ऐ.गतेको मानिस पक्राउको लागि खटाईएको पत्र पाना-१ ।
१७ ऐ.२९ गतेको विवरण उपलब्ध गराउनको लागि अनुमति माग गरिएको पत्र समेतको पाना-६ ।
१८ ऐ.३० गतेको विवरण उपलब्ध गराई दिन लेखिएको पत्र पाना-१ ।
१९ ऐ.९ गतेको तालुक नेपाल प्रहरी प्रधान कार्यालय, प्र.म.नि.को सचिवालयको पत्र समेतको पाना-४ ।
२० ऐ.१० गतेको जानकारी गराईएको सम्बन्धमा लेखिएको पत्र पाना-१ ।
२१ ऐ.१० गतेको अम्मर बहादुर रावलले खुलाई लेखाई दिएको घटना विवरण कागज पाना-२ ।
२२ ऐ.११ गतेको प्रतिवादी खोजतलास सम्बन्धको प्रहरी प्रतिवेदन पाना-१ ।

**यो अभियोगपत्रबाट कारवाही शुरु गर्न सादर अनुरोध गरिन्छ ।**

**कार्यालयको छापः**

**सरकारी वकीलको,**

**दस्तखतः**
**नामः पूर्णेन्द्र पाण्डेय**
**दर्जाः सहायक जिल्ला न्यायाधिवक्ता**
कार्यालयः जिल्ला सरकारी वकील कार्यालय,काठमाडौं ।
**मितिः २०८२/०३/१६ गते रोज २ शुभम् ।**